# पञ्चकन्या गाउँपालिका
Panchakanya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of the Rural Municipal Executive
लाकुरीभञ्ज्याङ, नुवाकोट
Lakuribhanjyang, Nuwakot

बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

## सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना

(सूचना नं.११ २०८३/०८४, प्रकाशित मितिः २०८३/०४/२१)

यस गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०४/२० गतेको निर्णयानुसार देहाय बमोजिमका सेवा/समुह/पद/तहका प्राविधिक कर्मचारी सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहायः

| क्र.स. | विज्ञापन नं. | सेवा/समुह | पद | तह | माग संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०३/२०८३/०८४ | स्वास्थ्य | स्टाफ नर्स | सहायकस्तर पाँचौं | १(एक) जना | ५०० |
| २ | ०४/२०८३/०८४ | स्वास्थ्य | अ.हे.ब. | सहायकस्तर चौंथो | १(एक) जना | ४०० |
| ३ | ०५/२०८३/०८४ | स्वास्थ्य/आयुर्वेद | वैद्य | सहायकस्तर (चौंथो) | १(एक) जना | ४०० |

**शैक्षिक योग्यता र अनुभवः**

१. **विज्ञापन नं.०३-२०८३/०८४ को** लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण भई सम्बन्धित परिषद्मा दर्ता वा नवीकरण भएको।

२. **विज्ञापन नं.०४ -२०८३/०८४ को** लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सि.एम.ए.वा सो सरह उत्तिर्ण भई सम्बन्धित परिषद्मा दर्ता वा नवीकरण भएको।

३. **विज्ञापन नं. ०५-२०८३/०८४ को लागि न्युनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट १८ महिने AAHW तह वा सो सरह उत्तिर्ण गरेको साथै परिषद्मा दर्ता वा नवीकरण भएको।

४. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- सम्बन्धित परिषद्मा नाम दर्ता भएको प्रमाणित प्रतिलिपि,
- हालसालै खिचिएको पासपोर्ट साईजको फोटो ३(तीन) प्रति,
- अनुभव भए सोको प्रमाणित पत्र,

५. **उमेरः** विज्ञापन नं. ०३ देखि ०५/२०८३/०८४ सम्मको लागि १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

६. **छनौट,सेवा र सुविधा :**

- ➢ विज्ञापन नं.०३ र ०४/२०८३/०८४ : पालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७९ अनुसार हुनेछ।
- ➢ विज्ञापन नं.०५/२०८३/०८४, स्वास्थ्य सेवा/आयुर्वेद समूह वैद्य पदको तलब स्केल तथा अन्य सेवा सुविधा स्वास्थ्य तर्फको ससर्त अन्तर्गत आयुर्वेद कार्यक्रम बमोजिम हुनेछ।

७. **दरखास्त दिने अवधिः** २०८३/०४/२१ गते देखि २०८३/०५/०४ गते सम्म।

८. **दरखास्त फारामः** गाउँ कार्यपालिकाको कार्यालयको वेयवसाईटमा उपलब्ध छ।प्रचलित कानून अनुसार अयोग्य नठहरिएको उम्मेदवारले मात्र दरखास्त दिनुपर्नेछ।

९. **दरखास्त दस्तुरः एन.आई.सि.एशिया बैंक पञ्चकन्या गाँउपालिकाको राजश्व खाताः** ०५३०२५००७१८५४००१ मा जम्मा गरेको सक्कलै भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।

१०. **परीक्षा मितिः** दरखास्त दिने अन्तिम मितिको दिन तोकिनेछ।

११. **परीक्षाको किसिमः** लिखित, मौखिक र आवश्यकताअनुसार प्रयोगात्मक ।

१२. **पाठ्यक्रमः** लोक सेवा आयोगद्धारा सम्बन्धित पदको लागि निर्धारित गरेको पाठ्यक्रम अनुसार।

संयोजक
पदपुर्ति समिति